# DOHA DECISION AND COMMITMENT

**गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको आज मिति १८ अगष्ट २०१७ का दिन सम्पन्न सातौं राष्ट्रिय महाधिवेशनले गरेका निर्णय तथा प्रतिवद्धताहरु :**

१. हालै नेपालमा आएको वाढिवाट पिडितहरुको सहयोगका लागि गैरआवासिय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदले आह्वान गरे वमोजिम एनसिसि कतारको तर्फवाट पिडितहरुको सहयोगका लागि एनसिसि कतारले कतारमा कार्यरत नेपालीहरु तथा संघसंस्थाहरुसँग सहकार्य गरि सहयोग गर्ने प्रतिवद्धता जाहेर गर्दछ । साथै भविष्यमा समेत आवश्यकता परेमा त्यस्ता परोपकारी कार्यहरु गर्ने कामलाई निरन्तरता दिनेछ ।

२. स्थापनाकाल देखि नै १८२ दिन भन्दा वढि सार्क मुलुक वाहेक अन्य देशमा वसोवास गर्ने नेपालीहरुलाई गैरआवासिय नेपालीको दायरामा समेट्नु पर्ने माग जोडदारसँग राख्दै १० औं गैरआवासिय नेपाली संघ युरोपियन क्षेत्रिय भेला २०१७ मा गरिएको प्रतिवद्धता वमोजिम विद्यार्थीलाई समेत गैरआवासिय नेपालीको दायरामा समेट्ने मागमा ऐक्यवद्धता जनाउदछौं ।

३. कतारको समाजको गुणस्तरिय विकासका लागि तथा नेपालीहरुको हकहितका लागि संघसंस्थाहरुसँग समन्वय गर्ने, प्रभावकारी कार्यक्रमहरु गर्ने, युवा तथा महिलाहरुको शसक्तिकरणको लागि युवा तथा महिला सम्मेलन वा सोहि किसिमका गतिविधि गर्ने लगायत युवा उद्यमशिलता र सामुहिक लगानीलाई प्रवर्द्धन तथा उजागर गर्ने किसिमका कार्यक्रमहरु गर्ने प्रतिवद्धता जाहेर गर्दछ ।

४. वैदेशिक रोजगारीलाई मर्यादित वनाउनका लागि सम्वन्धित निकायसँग सहकार्य गर्ने तथा नितिगत सुधार गर्नका लागि आईसिसि मार्फत पहल गर्ने प्रतिवद्धता जाहेर गर्दछ ।

५. कतारमा नेपाली साँस्कृतिक केन्द्रको संचालनका लागि नेपाली राजदुतावास तथा सम्वन्धित निकायसँग समन्वय गरि पहल गर्ने प्रतिवद्धता जाहेर गर्दछ । सो कार्यका लागि कतारमा स्थापित नेपाली संघसंस्थाहरुसँग सहकार्य गरिनेछ ।

६. कतारमा नेपाली विद्यालय स्थापना तथा संचालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ । साथै सम्भाव्यता अध्ययन गरि आवश्यकता वमोजिम नेपाली राजदुतावासको सहयोगमा कार्य अगाडी वढाईनेछ ।

धन्यवाद ।